# बृन्दावन नगरकार्यपालिकाको कार्यालय,

विश्रामपुर रौतहट

२ नं. प्रदेश, नेपाल

आ.व.२०७५/०७६ सालको लागि आन्तरिक आय ठेक्का सम्बन्धी शिलबन्दी बोलपत्र आह्वानको सूचना ।

(प्रथम पटक नागरिक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशीत भएको मिति २०७५/०५/२१)

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६४ (च), सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ तथा प्रदेश नं. २ आर्थिक ऐन २०७५ दफा ६ अनुसुची ४ (१) अनुसार बृन्दावन नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने निम्न आय शिर्षकहरुमा आर्थिक वर्ष २०७५/०७६ का लागि नदीजन्य पदार्थको विक्रि एवं निकासीको आय ठेक्काहरु बन्दोबस्त गर्नु पर्ने भएकोले तपशिलमा उल्लेखित ठेक्का विवरण शर्तहरुको अधिनमा रही मूल्य अभिवृद्धिकर (VAT) मा दर्ता भएको फर्म, व्यक्ति वा कम्पनिहरुवाट आ.व.२०७५/०७६ का लागि नवीकरण भएको इजाजत पत्र र आ.व.२०७४/०७५ सम्मको आयकर चुक्ताको प्रमाणपत्रको प्रतिलिपिहरु तथा उक्त फर्म कार्यगर्न योग्य भएको स्वघोषणा (Declaration) पत्र सहितको लिखित निवेदनको साथ तोकिएको दस्तुर रा.वा.बैंक गौर शाखाको आन्तरिक आय खाता नं.१२१०३०२०१६१०४ मा जम्मा गरेको बैंक भौचर (पछि फिर्ता नहुने गरी) पेश गरि रीतपूर्वकको गोप्य शिलबन्दी बोलपत्र पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि ३० (तिस) दिने सुचना प्रकाशन गरिएको छ ।

तपशिल

| क्र. सं | ठेक्का नम्बर | ठेक्का विवरण | उठाउनु पर्ने क्षेत्र र परिमाण | न्युन्तम कबोल अंक वार्षिक | बोलपत्र फारम दस्तुर | धरौटी रकम |
|---|---|---|---|---|---|---|
| १. | १।७५।७६ | वागमती नदीको रमौली नाकाको ढुङ्गा, गिट्टी, वालुवा, ग्रेभल | वागमती नदीको रमौली , बैरीया र भोटे टोल नाका को तोकिएको स्थानबाट ६०,००० घ.मी. | ७०,००,०००।- | ३,०००। | कबोल अंकको ५% |

शर्त तथा बन्देज :

१. बोलपत्र फारम यो सुचना प्रथम पटक प्रकाशित मितिले ३० (तिस) औं दिन सम्म बृन्दावन नगरपालिका बाट खरिद गर्न सकिने छ र यसरी खरिद भएका बोलपत्रहरु ३१ (एकतिस) औं दिन दिनको १२:०० बजे सम्म बृन्दावन नगरपालिकामा शिलबन्दी दर्ता गरि सक्नु पर्नेछ ।

२. बोलपत्र फारम खरिद एवं दर्ता गर्ने अन्तिम दिन विदा पर्न गएमा कार्यालय खुलेको दिनलाई क्रमशः अन्तिम दिन मानिनेछ ।

३. ठेक्काको टेन्डर फाराममा उल्लेख भए अनुसार कबोल अंक ठेक्का नम्बर खुलाई फाराममा खाममा ठेक्काको नाम उल्लेख गरि शिलबन्दी गरि पेश गनुपर्ने छ । शिलबन्दी बोलपत्र दखिला गर्दा कुनै किसिमको शर्त मान्य हुने छैन । बोलपत्र दाताले कबोल गरेको रकमको अंक र अक्षरमा स्पस्ट लेख्नु पर्ने छ अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेको लाई मान्यता दिईने छ ।

४. दर्ता भएका शिलबन्दी बोलपत्र सोही दिन दिनको २:०० (दुई) बजे यस कार्यालयमा सम्बन्धित कार्यालयका प्रतिनिधीहरु र बोलपत्र दाताका प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । साथै बोलपत्र खोल्ने समयमा बोलपत्र दाताको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न वाधा पर्ने छैन ।

५. बोलपत्र दाताले बोलपत्र दर्ता गर्दा आफुले कबोल गरेको अंकको ५% ले हुन आउने रकम यस कार्यालयको रा.वा.बैंक गौर स्थित १२१०३०३००७१०४ धरौटी खातामा जम्मा गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट जारी भएको कम्तीमा ८० दिन म्याद भएको बैंक ग्यारेन्टी (विडवण्ड) बोलपत्र साथ पेश गर्नुपर्ने छ ।

६. बोलपत्र स्विकृत भए पछि वा घर दैलोमा टाँस भएको मितिले ७ दिन भित्र नियमानुसार आयकर,/मु.अ.कर, दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि साथै लिई सम्झौता गर्न यस कार्यालयमा आउनु पर्नेछ । सो अवधिमा सम्झौता अनुसार बुझाउनु पर्ने रकम बुझाई सम्झौता गरि चलन पूर्जी लिई सक्नु पर्नेछ । नगरेमा धरौटी रकम जफत गरिने छ र दोश्रो बोलपत्र

२०७५।५।२१

ओम नारायण झा

नि० प्रमुख प्रशासकिय अधिकृत

Scanned by CamScanner

दाताको बोलपत्र स्विकृत गर्ने वा नगर्ने वा पुनः बोलपत्र अह्वान गर्ने वा नगर्ने अधिकार नियमानुसार बृन्दावन नगरपालिकामा सुरक्षित रहनेछ ।

७. सकार गरेको कुल रकमको हकमा ५०% नगद जम्मा गर्नु पर्ने र ५० % को हकमा नेपाल राष्ट्र बैंक बाट मान्यता प्राप्त बैंकको कम्तीमा २०७६ असाढ महिना सम्मको म्याद भएको परफरमेन्स बौण्ड पेश गर्नु पर्नेछ । बोलपत्र दाताले सम्झौताको समयमा ठेक्कामा उल्लेख भए अनुसारको सम्पुर्ण रकम एकमुष्ठ बुझाएमा ठेक्का अंक (कबोल अंकको) सहुलियत स्वरुप १०% छुट दिइनेछ ।

८. ठेकेदारले नियमानुसार कबोल अंकको १३% हुने मुल्य अभिविद्धि कर (VAT) करदाता सेवाको कार्यालय रौतहट, कार्यालय कोड ३०५०३२००१ खाता नं. क १०००२०००१०००० राजश्व शिर्षक नं.११४१४ मा बुझाई सक्कल भौचर सहित यस कार्यालयमा बुझाउनु पर्नेछ । सो बाहेक पनि नेपाल सरकार वा स्थानीय तहलाई प्रचलित ऐन नियमननुसार बुझाउनु पर्ने आयकर लगायत अन्य कर, दस्तुर तथा शुल्क आदि सबै ठेकेदार स्वंयमले सम्वन्धित कार्यालयमा बुझाउनु पर्नेछ ।

९. ठेक्का अवधि आर्थिक वर्ष २०७५/०७६ को सम्झौता मिति लागु भई ०७६ जेष्ठ मसान्त सम्म मात्र हुनेछ ।

१०. बोलपत्र फारम स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार यस कार्यालयमा निहित रहनेछ । ठेक्का स्वीकृत भई सम्झौता भए पश्चात कुनै किसिमको छुट वा मिनहा दिन नसकिने हुँदा कबोल अंकमा कुनै किसिमको छुट वा मिनहा दिईने छैन विषेश परिस्थिति परि सो सन्दर्भमा नेपाल सरकार वा माथिल्लो निकायबाट निर्देशन भई आएमा सोहि बमोजिम हुनेछ ।

११. शुल्क उठाउँने रसिदहरु ठेक्का शिर्षक अनुसार ठेकेदारले आफ्नै तर्फबाट छपाई कार्यालयको छाप लगाई कार्यालयमा रसिद नंम्बर दाखिला गरेर मात्र कर दस्तुर उठाउँन प्रयोगमा ल्याउनु पर्नेछ । ठेकेदारले मासिक रुपमा विक्रि विवरण यस कार्यालयमा पेश गर्नु पर्नेछ । विवरण पेश नगरेको कारण संकलन/उत्खनन् रोक्का भएमा ठेकेदारले कुनै किसिमको हर्जाना दावि गर्न पाइने छैन ।

१२. ठेकेदारले ढुङ्गा, गिट्टी, ग्राभेल, वालुवा संकलन/उत्खनन् कार्य गर्दा गराउँदा वागमती खोलाको, रमौली बैरीयानाकाको स्विकृत (IEE) मा उल्लेखित शर्तहरुको पुर्ण पालना गर्नु पर्नेछ । (IEE) शर्त पालना गर्दा वातावरणीय नाकारात्मक प्रभाव न्यूनीकरण कार्यमा लाग्ने खर्च ठेकेदार आफैले ब्यहोर्नु पर्नेछ । नेपाल सरकारबाट वन्देज लगाईएको अवधिमा खोलाबाट नदीजन्य पदार्थ झिक्न पाईने छैन ।

१३. कुनै कारण जनाई वा नजनाई ठेक्का स्विकृत गर्ने, आंशिक रुपमा स्विकृत गर्ने वा नगर्ने तथा अन्य ब्यवस्था गर्ने सम्पुर्ण अधिकार नगरपलिकामा सुरक्षित रहनेछ । शर्त सहितको बोलपत्रलाई वदर मानिनेछ । साथै रित नपुगी वा म्याद नाघी आएको बोलपत्र उपर कुनै कार्यवाही हुने छैन ।

१४. सम्मानित अदालत, नेपाल सरकारको निति, निर्देशन तथा आदेशको पालना गर्नु गराउनु र लागु गर्नु नगरपालिका/ठेकेदारको कर्तव्य एवं दायित्व हुनेछ । ठेक्का सम्बन्धी कार्यालय तथा ठेकेदार बिच कुनै विवाद उत्पन्न भएमा नगरपालिकाको निर्णय अनुसार हुनेछ साथै नगरपालिकाले वेला वेलामा आवश्यक निर्देशन दिन सक्नेछ र उक्त निर्देशन पालना गर्नु सम्बन्धीत ठेक्दारको कर्तब्य हुनेछ ।

१५. नदीजन्य पदार्थ उत्खनन् गर्न ठुला मेशिनरी उपकरण प्रयोग गर्नु पर्ने अवस्थामा जिल्ला समन्वय समितिको निर्णय अनुसार हुनेछ ।

१६. राष्ट्रिय राजमार्ग वा सहायक राजमार्गमा ढाट (तगारो) राखी वा अन्य कुनै प्रकारको अवरोध खडा गरि कर लिन पाईने छैन । तोकिएका कर संकलन स्थानमा दररेट सहितको होडिंग बोर्ड राख्नु पर्नेछ ।

१७. उत्खनन् तथा विक्रि भएको नदीजन्य पदार्थ रौतहट जिल्ला भित्र मात्र प्रयोग गर्न पाईनेछ । अन्य जिल्ला तथा विदेशमा निकासी गर्न पाईने छैन ।

१८. यसमा उल्लेख भएका कुराहरुमा सोहि बमोजिम र यसमा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ नियमावली २०६४ र अन्य प्रचलित कानून अनुसार हुनेछ ।

**जिल्ला भरिको नदीजन्य पदार्थ निकासी र विक्रि हुने ढुँगा, गिट्टी, वालुवा, ग्रेभल तथा पांगो (निजि जग्गामा उत्पादित सहित) कर दस्तुर (भ्याट वाहेक) को संकलन दर रेट :**

| क्र. सं. | विवरण | इकाई/ प्रति | निकासी तथा विक्रि कर | कैफियत |
|---|---|---|---|---|
| १. | नदी नालाबाट निकासी तथा विक्रि हुने ढुंगा, गिट्टि, वालुवा र ग्रेभल (निजि जग्गामा उत्पादित हुने) समेतका | क्यू. फिट | ४।- | ठेकेदारले भ्याट १३% रकम थप गरि संकलन गर्नु पर्नेछ । |

ओम ना झा
२०७५/५/२९

ओम नारायण झा
नि० प्रमुख प्रशासकिय अधिकृत

Scanned by CamScanner